# नेपाल सरकार वादी हुने फौजदारी मुद्दा मिलापत्र गर्न आदेश दिने सम्बन्धी मापदण्ड

## २०८३

महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं

## नेपाल सरकार वादी हुने फौजदारी मुद्दा मिलापत्र गर्न आदेश दिने सम्बन्धी मापदण्ड, २०८३

मानननीय महान्यायाधिवक्ताबाट स्वीकृत भएको मिति: २०८३।०६।०८

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ समेतको अधीनमा रही सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताबाट नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा सरकारी वकीलले मिलापत्र गर्ने आदेश दिने सम्बन्धमा देहाय बमोजिमको मापदण्ड जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस मापदण्डको नाम **नेपाल सरकार वादी हुने फौजदारी मुद्दा मिलापत्र गर्न आदेश दिने सम्बन्धी मापदण्ड, २०८३** रहेको छ ।

(२) यो मापदण्ड माननीय महान्यायाधिवक्ताबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र उच्च अदालतका इजलास, जिल्ला अदालत तथा वैदेशिक रोजगार न्यायाधिकरण समेतलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मिलापत्र गर्न आदेश दिने सम्बन्धमा कारवाही गर्ने सम्बन्धित सरकारी वकील कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले मिलापत्र हुने प्रकृतिका मुद्दाको कसूरबाट प्रत्यक्ष रुपमा हानि, नोक्सानी भएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "प्रतिवादी" भन्नाले मिलापत्र हुने प्रकृतिका मुद्दाको अभियोग खण्डमा विपक्षी बनाइएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "मिलापत्र हुने प्रकृतिका मुद्दा" भन्नाले संहिताको दफा ११७ को उपदफा (२) मा उल्लेखित मुद्दाका साथै अन्य प्रचलित कानूनमा मिलापत्र हुने भनी उल्लेख गरिएका नेपाल सरकार वादी हुने फौजदारी मुद्दा सम्झनु पर्छ ।

(च) "संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ ।

(छ) "सरकारी वकील" भन्नाले संहिताको दफा २(त) मा परिभाषा गरिएको सरकारी वकील सम्झनु पर्छ ।

३. **मिलापत्रको लागि निवेदन दिनु पर्ने:** मिलापत्र हुने प्रकृतिका मुद्दामा पीडित र प्रतिवादीले मुद्दा मिलापत्रका लागि कार्यालयमा संयुक्त निवेदन दिनु पर्नेछ ।

४. **मिलापत्र हुने प्रकृतिका मुद्दा भए नभएको यकिन गर्ने:** दफा ३ बमोजिम मिलापत्र गर्नका लागि पेश भएको मिलापत्रको निवेदन दफा २ को खण्ड (ङ) बमोजिमको मुद्दा भए नभएको यकिन गर्ने ।

५. **मुद्दा विचाराधिन भए नभएको यकिन गर्ने:** मिलापत्र हुने प्रकृतिका मुद्दामा मिलापत्र गर्नका लागि पेश भएको पीडित र प्रतिवादीको संयुक्त निवेदन बमोजिमको मुद्दा कार्यालयमा चालु अवस्थामा रहे नरहेको तथा अदालतमा विचाराधीन रहे नरहेको यकिन गर्न मुद्दाको पछिल्लो प्रकृयागत विवरण निवेदन साथ संलग्न रहे नरहेको हेर्ने ।

६. **प्रतिलिपि संलग्न गर्न लगाउने:** अदालतमा विचाराधिन रहेका मुद्दामा मिलापत्र गर्दा देहायका प्रतिलिपि संलग्न गर्ने लगाउने:

(क) सुरु अदालतमा विचाराधिन रहेका मुद्दा मिलापत्र गर्नका लागि अभियोगपत्र तथा प्रतिवादीले अदालतमा बयान गरेको रहेछ भने सो को बयान र थुनछेक आदेशको प्रमाणित प्रतिलिपि ।

(ख) पुनरावेदनको कारवाहीमा विचाराधिन मुद्दा मिलापत्र गर्न निवेदन दिँदा पुनरावेदनपत्र/ निवेदनपत्रको प्रमाणित प्रतिलिपि सहित मुद्दा विचाराधिन रहेको देखिने निस्सा ।

७. **फैसला कार्यान्वयनको चरणमा मिलापत्र गर्दा निस्सा संलग्न गर्न लगाउने:** फैसला कार्यान्वयनको चरणमा रहेको मुद्दा मिलापत्र गर्न निवेदन दिँदा अन्तिम भएको फैसलाको प्रमाणित प्रतिलिपि सहित मुद्दा सम्बन्धित अदालतमा रहे नरहेको यकिन गर्न मुद्दा कार्यान्वयनको चरणमा रहेको देखिने निस्सा (मुद्दाको प्रकृयागत विवरण, तारेख पर्चा आदि) संलग्न गर्न लगाउने ।

८. **संयुक्त निवेदनमा समावेश हुनु पर्ने कुराहरु:** मिलापत्र गर्न सरकारी वकील कार्यालयमा पेश भएको पीडित र प्रतिवादीको संयुक्त निवदेनमा देहायका कुराहरु यकिन गर्ने:

(क) मिलापत्रको निवेदनको सबै पृष्ठमा पीडित र प्रतिवादीको हस्ताक्षर र सहिछाप भएको (धेरै जना निवेदक भई निवेदनको शीर पुछारमा सहिछाप गर्न नसक्ने भएमा निवेदनको प्रत्येक पृष्ठको पछाडि नाम थर सहित सहिछाप गर्न लगाउने),

(ख) पीडित र प्रतिवादी बीच के कस्तो शर्तमा मिलापत्र गर्न मञ्जुर भएको हो, के कति बिगो, हर्जाना वा रकम कुन व्यक्तिले कोसँग लिने हो वा के कति बिगो, हर्जाना वा रकम दावी छाड्ने हो सो विषय स्पष्ट रुपमा उल्लेख भएको,

(ग) पीडित, प्रतिवादी र रोहवरमा बस्ने व्यक्तिको पहिचान खुल्ने आधिकारिक कागजात वा नेपाल सरकारबाट जारी भएका परिचयपत्र (नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र, राहदानी मध्ये कुनै एक) को सक्कल सनाखत गर्ने प्रयोजनार्थ सनाखत गर्ने सरकारी वकीललाई देखाई सोको प्रतिलिपि संलग्न गरेको,

(घ) मिलापत्र गर्दा पीडितले प्रतिवादीबाट प्राप्त गरेको विगो, हर्जाना तथा अन्य रकम (अंक अक्षर सहित) कुन कुन प्रतिवादीबाट कुन कुन पीडितले के कसरी प्राप्त गरेको हो वा गर्ने हो भन्ने कुरा स्पष्ट उल्लेख भएको,

(ङ) मिलापत्रको संयुक्त निवेदनमा उल्लेख गरे बमोजिमका कागजात तथा अवस्था मिसिलबाट भए गरेको देखिएको,

(च) एक भन्दा बढी पीडित र प्रतिवादी बीच मिलापत्र भएकोमा लेनदेन भएको वा हुने विगो, तरिका र माध्यम तालिका सहित खुलेको,

(छ) कानूनी व्यक्ति पीडित वा प्रतिवादी भएको मुद्दामा मिलापत्र गर्नको लागि पछिल्लो वर्षको कर (Tax) तिरेको सक्कल कागजात संलग्न भएको,

(ज) कानूनी व्यक्तिको संचालक एक भन्दा बढी भएकोमा मिलापत्र गर्न आउँदाका पछिल्ला संचालकहरु तथा शेयर लगत खुल्ने सक्कल कागजात संलग्न भएको,

(झ) कानूनी व्यक्तिका हकमा सो संस्था नियमन गर्ने निकायबाट सो कानूनी व्यक्ति चालु वा संचालनमा रहेको खुल्ने जानकारी पत्र संलग्न रहेको,

(ञ) सहकारीका संचालकको जाहेरीबाट चलेको मुद्दामा प्रतिवादीहरुबाट प्राप्त भएको रकम बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर र स्टेटमेन्टको सक्कल प्रति संलग्न रहेको,

(ट) कानूनी व्यक्तिको हकमा मुद्दा मिलापत्र गर्न अख्तियारी वा मंजुरीनामा दिएको निर्णयको प्रतिलिपि र अख्तियारनामा वा मंजुरीनामाको सक्कल प्रति निवेदन साथ संलग्न रहेको,

(ठ) मिलापत्रका लागि पेश भएको संयुक्त निवेदनको मस्यौदा कानून व्यवसायीले गरेको भए निजको नाम र प्रमाणपत्र संख्या नंबर उल्लेख गरी निजले मस्यौदामा हस्ताक्षर गरेको ।

९. **मतलब र परिणाम जानकारी गराउने :** (१) मिलापत्रको निवेदन बमोजिम पीडित र प्रतिवादीलाई मुद्दा मिलापत्रको मतलब र परिणाम तथा विगो दाबी छोड्दा हुने असर, अवस्था र कारवाहीको बारेमा समेत निवेदन सनाखत गराउने र मिलापत्रको आदेश दिने सरकारी वकीलले जानकारी गराउने ।

(२) पीडितले अभियोग दावी बमोजिमको वा फैसलामा कायम भएको विगो, हर्जाना वा अन्य रकम नलिने गरी दावी छोडेकोमा सो निर्णय गर्न पीडित स्वतन्त्र रहे नरहेको, निज कुनै अनुचित प्रभाव वा करकाप वा झुक्यानमा परे नपरेको सम्बन्धमा मिलापत्रको आदेश दिने सरकारी वकीलले पीडितसँग सोधपुछ गरी वा अन्य कुनै तरिकाले बुझ्न सक्ने ।

१०. **सनाखत गराउने :** (१) मिलापत्रको प्रकृया अगाडि बढाउन मञ्जुर भए पीडित र प्रतिवादीको पहिचान खुल्ने फोटो सहितको नेपाल सरकारबाट जारी भएको सक्कल प्रमाणपत्र हेरी निजहरुको हस्ताक्षर र औँठाछाप लगाई तोकिएको सरकारी वकीलले सनाखत गराउनु पर्ने ।

(२) उपदफा (१) बमोजिम निवेदन सनाखत गराउने सरकारी वकीलले सनाखत कागजमा आफ्नो नाम, पद, कार्यालय र मिति समेत उल्लेख गरी हस्ताक्षर गरी कार्यालयको छाप समेत लगाई प्रमाणित गर्नु पर्नेछ ।

११. **रोहवरमा राख्ने :**पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम प्रतिवादीको तर्फबाट प्रतिवादी बाहेक अन्य व्यक्तिले रकम बुझाएको वा जग्गा वा अन्य सम्पत्ति दिएको अवस्थामा सरकारी वकीलले सनाखत गराउँदा सो बुझाउने वा दिने व्यक्तिलाई समेत रोहवरमा राखी सहिछाप गराउने ।

१२. **मिलापत्र गर्न आदेश दिने :** अभियोगपत्र दायर गर्दा पीडितलाई प्रतिवादीबाट बिगो, हर्जाना तथा अन्य रकम भराउन मागदाबी गरिएको वा फैसलामा ठहर भएको भन्दा घटी बिगो, हर्जाना तथा अन्य रकम लिने दिने गरी वा पूरै बिगो, हर्जाना तथा अन्य रकम छोडी (अंक अक्षरमा खुलाउने) मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई सो व्यहोरा निवेदनमा उल्लेख गरी निवेदन दिएको अवस्थामा सो बमोजिम मिलापत्र गर्न आदेश दिने ।

१३. **प्रत्यर्थी झिकाउने आदेश नभए पनि मिलापत्र गर्न आदेश दिन सकिने :** मिलापत्र हुने प्रकृतिका मुद्दामा प्रतिवादीको पुनरावेदन वा निवेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश वा अनुमति नभई सकेको अवस्थामा पनि मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउन सकिने ।

१४. **सम्पर्कमा नरहेका वा आउने अवस्था नभएका पीडित भएका मुद्दामा मिलापत्रको कारवाही अगाडि बढाउने :** (१) एक भन्दा बढी पीडित भएको मुद्दामा मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउँदा प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानून बमोजिमका संरक्षकले आ-आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा कार्यालयले मिलापत्रको प्रकृया अगाडि बढाउने।

(२) सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना र अन्य खर्च समेत प्रतिवादीले धरौटी वा अन्य कुनै उपायबाट सुरक्षित राखेको र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने ।

१५. **पीडितले फरार वा सम्पर्कमा नरहेका प्रतिवादीका हकमा समेत मिलापत्र गर्न सक्ने :** एक भन्दा बढी प्रतिवादी भएका मुद्दामा प्रतिवादीहरु मध्येका कुनै व्यक्ति मात्र मिलापत्रको प्रकृयामा सहमत भई पीडितसँग मिलापत्र गर्नका लागि दुवैले संयुक्त निवेदन दिएको तर कुनै प्रतिवादी फरार रहेको वा मुद्दा मुलतवीमा रहेको वा मिलापत्रको प्रकृयामा सहभागी नभएको अवस्थामा पीडितले त्यस्ता प्रतिवादीका हकमा समेत विगो दावी छाडी मिलापत्र गर्न मञ्जुर रहेको व्यहोरा स्पष्ट उल्लेख गरेको अवस्थामा मिलापत्र गर्न सकिने गरी आदेश दिने ।

१६. **आंशिक मिलापत्र गर्न आदेश दिन सकिने :** मिलापत्र हुने प्रकृतिका मुद्दामा अभियोगपत्रको माग दाबीमा वा फैसलामा नै प्रत्येक प्रतिवादीको हकमा विगो रकम यकिन रुपमा उल्लेख भएको रहेछ भने आफ्नो दायित्वमा रहेको विगो रकमको हकमा रकम पूरै वा आंशिक लिई वा नलिई पीडित र सम्बन्धित प्रतिवादीले मिलापत्र गर्न चाहेमा यस्ता प्रतिवादीको हकमा आंशिक मिलापत्र गराउन आदेश दिन सकिने ।

१७. **मंजुरनामाबाट मिलापत्र गर्न सकिने :** पीडित वा प्रतिवादी विदेशी मुलुकमा रहेको वा विरामी वा अशक्त भएको कारण (सरकारी अस्पतालबाट कारण सहितको प्रमाण हुनु पर्ने) मिलापत्रको निवेदन

दिन स्वयम् पीडित वा प्रतिवादी उपस्थित हुन नसक्ने अवस्था भएकोमा सोको आधार कारण उल्लेख गरी प्रमाण सहित मिलापत्र गर्ने प्रयोजनका लागि पीडित वा प्रतिवादीले निजको नजिकको नातेदारलाई मंजुरनामा दिएको अवस्थामा मिलापत्रको प्रकृया बगाडि बढाउने ।

१८. **नगद बुझेको भरपाइ संलग्न गर्नु पर्ने:** मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम पाँच लाख रुपैँयासम्म लेनदेन गरेको भए सो नगद प्रतिवादीले पीडितलाई बुझाएको भरपाइ वा कागज संलग्न रहेको भए पनि मिलापत्रको प्रकृया अगाडि बढाउने ।

१९. **बैंक भौचर, बैंक स्टेटमेन्ट, रसिद संलग्न गर्नु पर्ने:** मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने विगो, हर्जाना तथा अन्य रकम पाँच लाख रुपैँया भन्दा बढी लेनदेन गरेको भए बैंकिंग प्रणाली मार्फत बुझाएको देखिने निस्साको सक्कल प्रति (बैंक भौचर, बैंक स्टेटमेन्ट, रसिद आदि) संलग्न भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउने ।

२०. **धरौटी रकमबाट लिनेदिने गरी मिलापत्र गर्न सकिने :** प्रतिवादीले अदालतबाट भएको आदेश बमोजिम धरौटी राखेको अवस्थामा पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम सो धरौटी रकमबाट लिनेदिने शर्त राखी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिम मिलापत्रको प्रकृया अगाडि बढाउने ।

२१. **जग्गा वा अन्य सम्पत्ति लिने दिने गरी मिलापत्र गर्न सकिने :** पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम वापत प्रतिवादीले रकमको सट्टामा जग्गा वा अन्य सम्पत्ति लिने दिने गरी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिमको अवस्था भएको प्रमाण कागज देखिएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउने ।

२२. **अदालतमा रकम लिनेदिने गरी मिलापत्र गर्न सकिने :** पीडित र प्रतिवादी बीच पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम अदालतमा मिलापत्र गर्दाका बखत रकम लेनदेन गर्ने शर्त राखी मिलापत्रको निवेदन दिएकोमा मिलापत्रको प्रकृया अगाडि बढाउने ।

२३. **तोकिएका सरकारी वकीलबाट मिलापत्रको आदेश गर्ने :** मिलापत्र हुने नहुने आदेश माननीय महान्यायाधिवक्ताबाट मिति २०८०।०३।२५ (खण्ड ७३ संख्या १७ नेपाल राजपत्र) मा प्रकाशित सूचनाबाट अधिकार प्रत्यायोजन भएका सरकारी वकीलबाट मात्र गर्ने ।

२४. **मिलापत्रको आदेशको निर्णय गर्नु पर्ने :** (१) मिलापत्रको निवेदन सनाखत भएको मितिले सामान्यतया तिन दिन भित्र मिलापत्र सम्बन्धी आदेश दिने नदिने निर्णय गर्नु पर्ने ।

(२) उपदफा (१) बमोजिम मिलापत्र हुने गरी आदेश गर्दा सुरु तहमा विचाराधिन रहेको मुद्दा लगत कट्टा हुन र फैसला भई दण्ड, जरिवाना वा शुल्कको लगत कायम रहेको मुद्दामा संहिताको दफा ११७ को उपदफा (३) को कानूनी व्यवस्था अनुसार हुन भन्ने व्यहोरा मिलापत्रको आदेशमा उल्लेख गर्ने ।

२५. **जानकारी दिने :** मिलापत्र गर्ने आदेश दिने वा नदिने निर्णयको जानकारी निवेदकहरुलाई गराई सो को निस्सा मिसिल संलग्न गर्ने ।

२६. **मिलापत्रको आदेश अदालतमा पेश गर्ने :** मिलापत्रको आदेश दिने निर्णय भएकोमा सो आदेशको सक्कल र अन्य आवश्यक कागजात आदेश भएको तीन दिन भित्र अदालतमा पेश गर्ने ।

२७. **आदेश मिसिल संलग्न राख्ने :** सरकारी वकीलबाट भएको मिलापत्र गर्न सकिने आदेश र सो मुद्दामा अदालतबाट भएको आदेशको प्रमाणित प्रतिलिपि कार्यालयको मिसिलमा संलग्न राख्ने ।

२८. **यस मापदण्ड बमोजिम गर्ने :** मिलापत्र गर्न आदेश दिने सम्बन्धी कार्य गर्दा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही यस मापदण्ड बमोजिम गर्ने गराउने ।

२९. **मिलापत्र गर्न नसकिने :** यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मिलापत्रको आदेश दिन सकिने छैन:

(क) अनुसन्धानमा रहेको वा अदालतमा विचाराधिन रहेको मुद्दा मिलाई दिन्छु भनी ठगी गरेको मुद्दामा,

(ख) मिलापत्र गर्न खोज्ने प्रतिवादी विरुद्ध दायर भएको सम्पत्ति शुद्धीकरण र संगठित अपराध मुद्दा अदालतमा विचाराधिन रहेको वा त्यस्तो मुद्दामा अदालतबाट कसूर ठहर भई सजाय भएको अवस्थामा,

(ग) मिलापत्र हुने प्रकृतिका मुद्दासँगै मिलापत्र नहुने सरकार वादी फौजदारी मुद्दा समेत चलेको वा फैसला हुँदा ठहर भएकोमा (एउटै मुद्दामा ठगी र किर्ते, ठगी र सट्टेबाजी, ठगी र मानव बेचबिखन आदिमा अभियोगपत्र दायर भएको वा अदालतबाट कसूर ठहर भएकोमा),

(घ) चालु वा संचालनमा नभएको कानूनी व्यक्ति जाहेरवाला वा प्रतिवादी भएको मुद्दामा,

(ङ) पीडित वा प्रतिवादी विदेशमा भएको वा विरामी वा अशक्त भएकोआधार कारण सहित सो पुष्टि गर्ने कागजात पेश गर्न नसकेको, नजिकको नातेदारलाई मंजुरनामा नदिएको वा मंजुरनामा दिने व्यक्तिसँग नाता खुल्ने कागजात पेश नगरेको मुद्दामा,

(च) कानूनी व्यक्ति जाहेरवाला भएकोमा त्यस्तो कानूनी व्यक्तिको बैंक खातामा दावी वा फैसला बमोजिमको रकम प्रतिवादीले जम्मा गरेको अवस्थामा बाहेक सो कानूनी व्यक्ति चालु वा संचालनमा नभएको अवस्थामा दावी छाडी मिलापत्र गर्न खोजेको अवस्थामा,

३०. **मिलापत्रको आदेशको ढाँचा:** मिलापत्रको आदेश सम्बन्धी निर्णयको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

३१. **मिलापत्र सम्बन्धी कारवाहीको विवरण राख्ने ढाँचा :** मिलापत्र सम्बन्धी कारवाहीको विवरण अनुसूची- २ को ढाँचामा राख्नु पर्नेछ ।

३२. **खारेजी र बचाउ:** (१) सरकार वादी फौजदारी मुद्दा मिलापत्र सम्बन्धी मापदण्ड, २०८० खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको मापदण्ड बमोजिम भए गरेका काम कारवाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

**श्री .......... कार्यालय, ..........**

**मिलापत्रको आदेश सम्बन्धी निर्णय**

**आर्थिक वर्षः**

निर्णय नं.:-

१. जाहेरवालाको नामः ..........
२. वारदात मिति र स्थानः ..................................................
३. प्रतिवादीको नाम, थरः ....................
४. मिलापत्रको निवेदन दर्ता मितिः ................
५. दर्ता नंः ....................
६. मुद्दाः -..........
७. मुद्दा विचाराधीन रहेको अदालतः -..........
८. अदालतको मुद्दा नंः ....................
९. सनाखत गर्न तोकिएको सरकारी वकीलः
पद : .......... सनाखत मितिः ..........
१०. राय पेश गर्न तोकिएको सरकारी वकीलः
पद : .......... राय पेश गरेको मितिः ..........
११. कार्यालय प्रमुख समक्ष प्राप्त मितिः ..........
१२. मिलापत्र सम्बन्धमा भएको निर्णय व्यहोराः ..............................
.......................................................................................................................................................................................................................................................................................................................................................................................

हस्ताक्षर ..........................

आदेश दिने सरकारी वकीलको नामः ................

पदः ................

मितिः ................

अनुसूची २

………. कार्यालय ……….

मिलापत्र सम्बन्धमा भएका कारवाहीको विवरण

| सि नं | जाहेरवालाको नाम | प्रतिवादीको नाम | मुद्दा | पीडितको संख्या | प्रतिवादीको संख्या | मिलापत्रको आदेशको निर्णय | | | अदालतबाट मिलापत्र | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | हुने | नहुने | मिति | भएको | नभएको | मिति | |
| १. | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | |